# बाना

# Baltimore Association of Nepalese in America

# महामारी कोभिड १९ प्रतिवेदन

तयार गर्नेः श्री दमन बिक्रम शाह

सदर गर्नेः श्री सुबोध बिलास पन्त

**विषय सुचिः** **पाना क्रमाङ्क**


१. कोविड १९ र बानासंक्षिप्त परिचय र पृष्टभुमि ३

२. बाना (Baltimore Association of Napalese in America) का उद्देश्यहरु ४

३. बानाको नेतृत्वमा कोभिड १९ को बेला गरिएका कार्यहरुको विवरण ५

स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संस्करण - १ ५

स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संस्करण - २ ६

स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संस्करण - ३ ६

स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संस्करण - ४ ७

तनाव ब्यवस्थापन सम्वन्धि सचेतना कार्यक्रम - १ ७

४. बानाको फेसबुक पेजबाट देशसंचारको प्रत्यक्ष प्रसारण ८

५ . वेरोजगारी विमा र साना मझौला ब्यवसायीका समस्याहरु ८

बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधान संस्करण १ ८

बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधान संस्करण २ ९

बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधान संस्करण ३९

बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधान संस्करण ४१०

बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधान संस्करण ५१०

६. शिक्षा - अनलाइन कक्षाहरुको बारेमा विज्ञहरु सँग अन्तरक्रिया ११

७. सुचना ९-१०

८. भौतिक सामग्री १२-१३

**९. खाध्य सामग्री** **१३-१६**

**१०. समन्वय र सहकार्यः सरकारी तथा गैरसरकारी निकाय** **१७-१८**

**११. सहयोगी हातहरु** **१९-२०**

**१२. संचार** **२१-२२**

**१३. अन्त्यमा** **२३-२४**


# कोविड १९ र बाना

**संक्षिप्त परिचय र पृष्टभुमिः**

**कोभिड १९:**

**चिनको वुहान (Wuhan) शहर बाट कोभिड १९ शुरु भएको आज ७ महिना पार गरिसकेकेको छ र सारा विश्व यस महामारीको चपेटामा परेको यथार्थ हाम्रो सामु छर्लङ्ग नै छ । महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकामा मात्रै यस महामारीबाट आज ५ जुलाइ २०२० सम्म १ लाख २१ हजार १६६ जनाले ज्यान गुमाइसकेका छन । हाल मृत्युदर केही घटे पनि केही राज्यहरुमा बढ्ने क्रम जारी नै छ । हामी बसेको राज्यमा समेत आजसम्म ३ हजार १२३ जनाले मृत्युवरण गरिसकेका छन ।**

**संयुक्त राज्य अमेरिकामा महामारीले पुर्याएको उग्र क्षतिको अनुपातमा नेपालीहरु यसको प्रत्यक्ष मारबाट त्यती धेरै प्रभावित नभए पनि अप्रत्यक्ष रुपमा यसको प्रभावबाट बच्न भने सकेनन ।**

**हामीले गर्व गर्नु पर्छ, यस्तो प्रलयकारी महामारीमा समेत हाम्रो समुदाय अपेक्षाकृत यसको कोपभाजन हुनुपरेन । यस्का कारण धेरै हुन सक्छन तर जनचेतनाको प्रभावकारी संचार र यस्को पालना गर्ने हाम्रो समुदायको अनुशाशन नै प्रमुख कारण हो भन्नेमा दुई मत हुनै सक्दैन ।**

यस्तो संकटको घडीमा समुदाय प्रति सचेत संघसंस्थाहरु र जिम्मेवार अनि उत्तरदायि नेतृत्वहरुको आवश्यकता पर्दछ। भनिन्छ नि असल नेतृत्व आवश्यकता वा बाध्यताले जन्माउदँछ । यही नेतृत्वले हाम्रो समाजमा उपलब्ध रहेको श्रोत र साधनको समुचित प्रयोग तथा सरकारी तथा गैरसरकारी निकायहरु सगँ सहकार्य र समन्वय गरेर समाजको जोखीम न्युनिकरण गर्नु पर्दछ र पर्दथ्यो । अनि यही हामीले गर्यौं पनि ।

**बाना (Baltimore Association of Napalese in America):**

South Asian Resource center and Setopati's research अनुसार, संयुक्त राज्य अमेरिकामा मात्रै ३ लाख १५ हजार १ सय ८० नेपालीहरु बसोबास गर्छन। हामीहरुले बसोबास गर्ने मेरिल्याण्ड राज्यमा अनुमानित २५ हजार भन्दा बढि नेपालीहरुको बसोबास रहेको छ ।

बाना संयुक्त राज्य अमेरिका स्थित मेरिल्याण्ड राज्य तथा बाल्टिमोरमा रहेका नेपालीहरुको वृहत्तर हित गर्ने तथा आपत विपतमा परेका नेपालीहरुलाइ सहयोग गर्ने उद्वेश्यले सन् १९९६ देखी अस्तित्वमा आइ सन २००५ मा ५०१ सी अन्तर्गत औपचारीक रुपमा दर्ता भइ स्थापित भएको गैर मुनाफा रहित सामाजिक संस्था हो । यसले बाल्टिमोरमा छाता संगठनको भुमिका समेत निर्वाह गर्दै आइरहेको छ ।

हामीलाइ विश्वास छ, यस महान संकटको घडीमा बानाले आफ्रो दरिलो उपस्थिती र गहकीलो भुमिकाबाट यो भनाइलाइ चरितार्थ गर्न सफल भएको छ। बानाको नेतृत्वले यसलाइ नेपाली समुदायमा उपलब्ध श्रोत, साधन र जनशक्ती समेतको सहभागीतामा, सरकारी तथा गैरसरकारी निकायहरु सगँ सहकार्य र समन्वयमा अकस्मात आएको यस विषम परिस्थितीलाइ समुदायको हितमा अति उत्कृष्ट तरिकाले संपादन गरेको घाम जत्तिकै छर्लङ्गै छ। यसको विवरणहरु अगाडी उल्लेख गर्ने नै छौं ।

यस संकटको घडीमा बानाले गरेका हरेक सामाजिक कार्यहरु मानवता अनि केवल मानवताको आधारमा संचालन गरेको थियो । ब्यक्तिगत अनि राजनितिक स्वार्थ भन्दा धेरै माथि उठेर निष्पक्ष, पारदर्शी तथा सामुहीक सहकार्यमा संचालन गरीने कार्यक्रमहरुबाट सम्पुर्ण समुदायले बढि लाभ लिन सक्छन भन्ने कुराको ज्वलन्त उदाहरण पेश गरेको छ । आगामी दिनहरुमा समेत यस असल अनुभवको निरन्तरताका लागी बाना सधैं क्रियाशील रहनेछ । यस राज्यमा रहेका सम्पुर्ण सामाजिक संघसंस्थाहरुलाइ सहकार्य गर्दै समुदायको हितमा अझ बढि काम गर्न हार्दिक अपील समेत गर्न चाहन्छ । बाना नेतृत्व, सामुहिक रुपमा गरिने यस्ता सत्प्रयासहरुले नै ठूलाठूला संकटहरुको मोचन गर्ने गर्दछन भन्ने अटल विश्वास राख्दछ ।

**बाना (Baltimore Association of Napalese in America) का उद्वेश्यहरु:**

१. संयुक्त राज्य अमेरिका स्थित मेरिल्याण्ड राज्य तथा बाल्टिमोरमा रहेका नेपालीहरुको वृहत्तर हित गर्ने तथा आपत विपतमा परेका नेपालीहरुलाइ सहयोग गर्ने ।

२. संयुक्त राज्यअमेरिकामा रहेका अन्य नेपाली समुदायका संघस स्थाहरु तथा सरकारी निकायहरु सँगँ प्रभावकारी रुपमा समन्वय गरि समुदायको हितमा काम गर्ने ।

३ . नेपाल र नेपालीहरुको सांस्कृतिक पहिचानको संरक्षण र सम्वर्धनमा महत्वपूर्ण भुमिका खेल्ने ।

४. विशेष परिस्थितीहरु जस्तै महामारी कोभिड १९ एवं प्राकृतिक प्रकोपहरुको समयमा समुदायको उच्चतम हितमा सकृय भुमिका निर्वाह गर्ने ।

५. नेपाली समुदायको सुख र दुखमा एकसाथ र एकनाशले सहभागीता जनाउने ।

बानाको नेतृत्वमा कोभिड १९ को शूरूवाती अवस्थाबाट गरिएका कार्यहरुको विवरण निम्न प्रकार छन:

१३ मार्च २०२०:

कोभिड १९ बाट आफु पनि बाँचौ र अरुलाइ पनि बचाऔं भन्ने मूल उद्देश्य राखी बानाले नेपाली समुदायको हितमा जानकारीमुलक सन्देश जारी गर्दै कोभिड विरुद्धको अभियानको शुभारम्भ गरियो । यस अभियानमा समुदायलाइ आवश्यक पर्ने र पर्न सक्ने समस्याहरुको पहिचान र निराकरणका लागी हाम्रै समुदायका उपलब्ध ज्ञान, सीप र जनशक्तीको भरमग्धुर प्रयोग गरिएको थियो । हामिले यस प्रतिवेदनलाइ विषयगत रुपमा वर्गिकरण गरेर प्रस्तुत गरेका छौं ।

## स्वास्थ्य:

१७ मार्च २०२०: स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संस्करण - १

जब कोभिड १९ ले आफ्रो शुरुवाती असर देखाउन शुरु गर्यो तब बाना नेतृत्वले एकछिन पनि ढिलो नगरि समाजलाइ सुसुचित गर्नुपर्छ भन्ने दुरदर्शी विचार गरि प्रथम सचेतनामूलक कार्यक्रम संचालन गर्यो। बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा भएको कार्यक्रम बानाका महासचिव श्री किरण ढकालज्यूको संयोजनमा बानाका स्वास्थ्य विभाग प्रमुख डा. विशाल भण्डारीज्युले संचालन गर्नु भएको थियो

। कार्यक्रम कोभिड १९ का लक्षणहरु, बच्नका लागी अपनाउनु पर्ने सावधानिहरु तथा लागी हालेमा गर्नु पर्ने उपाएहरुका बारेमा वृहत जानकारी दिनु भएको थियो । उक्त कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थितमा संचालन भएको थियो ।

१. डा. डिल्ली राम पौडेल - Medical Director-Amedisys Hospice , Hospitalist-University of Maryland

२. डा. रोशनलाल श्रेष्ठ - Cancer Geneticist, National Institute of Health

३. डा. सरगम महत - PharmD, Pharmacy Manager CVS

४. डा. विशाल भण्डारी - Quality Manager, Suburban Hospital, John Hopkins Medicine

५. श्री सुबोध विलास पन्त - अध्यक्ष बाना

६.श्री किरण ढकाल - महासचिव बाना

२६ मार्च २०२०: स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संस्करण - २

जब पहिलो सचेतनामूलक कार्यक्रमबाट समाजले प्रत्यक्ष फाइदा भएको महशुस गर्यो र नेपाली समाजबाट फेरि पनि गर्नु पर्ने ब्यापक माग आए पछि तब बाना नेतृत्वले फेरि पनि एकछिन पनि ढिलो नगरि दोश्रो पटक सचेतनामूलक कार्यक्रम संचालन गर्यो। बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा भएको कार्यक्रम बानाका महासचिव श्री किरण ढकालज्यूको संयोजनमा बानाका स्वास्थ्य विभाग प्रमुख डा. विशाल भण्डारीज्युले संचालन गर्नु भएको थियो ।कार्यक्रम कोभिड १९ का लक्षणहरु, बच्नका लागी अपनाउनु पर्ने सावधानिहरु तथा लागी हालेमा गर्नु पर्ने उपाएहरुका बारेमा फेरि पनि वृहत जानकारी दिनु भएको थियो । उक्त कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. डा. डिल्ली राम पौडेल - Medical Director-Amedisys Hospice , Hospitalist-University of Maryland

२. डा. रोशनलाल श्रेष्ठ - Cancer Geneticist, National Institute of Health

३. डा. सरगम महत -PharmD, Pharmacy Manager CVS

४. डा. विशाल भण्डारी - Quality Manager, Suburban Hospital, John Hopkins Medicine

५. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना

६.श्री किरण ढकाल - महासचिव बाना

७. श्री सन्देश खड्का - पत्रकार डीसी नेपाल

५ अप्रील २०२०:

## स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संस्करण - ३

जब पहिलो र दाश्रो सचेतनामूलक कार्यक्रम उपलब्धिमूलक र अपेक्षाकृत सफल भएपछि अरु नयाँ विषयहरुलाइ समेटरेर पुःन स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संचालन भयो । बाना अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रम बाना महासचिव श्री किरण ढकालज्यूको संयोजनमा डा. विशाल भण्डारीज्युले संचालन गर्नु भएको थियो । कार्यक्रम कोभिड १९ का कारण स्वास्थ्य परिक्षण सम्मको पहुचँ कोरोनाको विश्व भरिको लहर मृत्युदर यसबारे सत्य तथा अफवाहहरु के कस्ता छन भन्ने बारेमा गहन छलफल भएको थियो । उक्त कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. डा. डिल्ली राम पौडेल - Medical Director-Amedisys Hospice , Hospitalist-University of Maryland

२. डा. रोशनलाल श्रेष्ठ - Cancer Geneticist, National Institute of Health

३. डा. सरगम महत - PharmD, Pharmacy Manager CVS

४. डा. विशाल भण्डारी - Quality Manager, Suburban Hospital, John Hopkins Medicine

५. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना

६.श्री किरण ढकाल - महासचिव बाना

७. श्री सन्देश खड्का - पत्रकार डीसी नेपाल

३ मे २०२०

## स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संस्करण - ४

जब पहिलो र दाश्रो अनि तेश्रो सचेतनामूलक कार्यक्रम उपलब्धिमूलक र अपेक्षाकृत सफल भएपछि अरु नयाँ विषयहरुलाइ समेटरेर पुःन स्वास्थ्य सचेतना सम्वन्धि कार्यक्रम संचालन भयो । बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा भएको कार्यक्रम बानाका महासचिव श्री किरण ढकालज्यूको संयोजनमा बानाका स्वास्थ्य विभाग प्रमुख डा. विशाल भण्डारीज्युले संचालन गर्नु भएको थियो । कार्यक्रम कोभिड १९ सगँ जुधिरहनु भएका चिकिस्तक तथा नर्सहरुको अनुभवहरुको आदानप्रदान गर्नुका

साथै यसका वृहत पक्षहरुको बारेमा प्रकाश पार्नु भएको थियो ।  उक्त कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. डा. मनोज रजौरीया - Microbiologist/Virologist / National Institute of Health

२. डा. रोशनलाल श्रेष्ठ - Cancer Geneticist, National Institute of Health

३. डा. सरगम महत - PharmD, Pharmacy Manager CVS

४. डा. विशाल भण्डारी - Quality Manager, Suburban Hospital, John Hopkins Medicine

५. डा.कल्पना दुलाल - Molecular Biologist / National Institute of Health

६. सुश्री रुचि लामीछाने - RN, BSN / The John Hopkins Hospital

७. सुश्री अस्मिता श्रेष्ठ - RN, BSN /Sainai Hospital

८.श्री सुबोध विलास पन्त- अध्यक्ष बाना

९.श्री किरण ढकाल - महासचिव बाना

१०. श्री सन्देश खड्का - पत्रकार डीसी नेपाल

२१ अप्रील २०२०

तनाव ब्यवस्थापन सम्वन्धि सचेतना कार्यक्रमः

कोभिड १९ को प्रभावले स्वास्थ्य र अर्थोपार्जनमा त क्रुर प्रहार त गरिरहेकै थियो तर यसभन्दा बढि मार त यसले हामी र हाम्रो समुदायलाइ मानसीक रुपमा दिइरहेको थियो । सो कुराको बोध गरि मानसीक रोग विशेषज्ञ डा. जगदम्बा पण्डितज्यु मार्फत समुदायलाइ सुसुचित गर्ने चाँजोपाँजो मिलायौं । फलस्वरुप तनाव ब्यवस्थापन सम्वन्धि सचेतना कार्यक्रम  बाना अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम बाना महासचिव श्री किरण ढकालज्यूले संचालन गर्नु भएको थियो । कार्यक्रमका सहभागीज्युहरु निम्नानुसार हुनुहुन्थ्यो।

१.डा. जगदम्बा पण्डित - मनारोग विशेषज्ञ

२. श्री सुबोध विलास पन्त - अध्यक्ष बाना

३.श्री किरण ढकाल - महासचिव बाना

**२३ मे २०२०**

**बानाको फेसबुक पेजबाट देशसंचारको प्रत्यक्ष प्रसारण:**

कोभिड १९ को बारेमा अमेरिका तथा नेपालमा रहेका डाक्टरहरुको बिचमा अनुभवहरुको आदानप्रदान गर्ने बारे ब्यापक छलफल गरिएको थियो । उक्त कार्यक्रममा डा. बिशाल भण्डारी तथा अन्य विज्ञ डाक्टरहरुले भाग लिनु भएको थियो । छलफलको प्रमुख विषय कोरोना र बालबालिकामा पर्न सक्ने अनि परेको प्रभाव रहेको थियो ।

१. डा. रामचन्द्र बास्तोला - पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
२. डा. बिशाल भण्डारी - Quality Manager, Suburban Hospital, John Hopkins Medicine
३. डा. भवि राइ - Pediatrician, Total Healthcare
४. डा. रोशनलाल श्रेष्ठ - Cancer Geneticist, National Institute of Health
५. डा. सन्देश पराजुली
६. डा. मनोज दाहाल

## आर्थिक:

**वेरोजगारी विमा र साना मझौला ब्यवसायीका समस्याहरु:**

**२१ मार्च २०२०: बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधानका विषयहरु बारे सचेतना कार्यक्रम संस्करण १**

कोभिड १९ ले स्वास्थ्यमा त समस्या उत्पन्न गरेको नै थियो तर त्यो भन्दा बढि प्रत्यक्ष समस्या त बेरोजगारीले पार्यो । आफ्नो पौरखले कमाएर खाने स्वाभिमानी नेपालीहरुले अमेरीकामा पनि बेरोजगार भइन्छ भन्ने विषयमा त सोचेका नै थिएनन । त्यसैले बेरोजगारी विमा प्राप्त गर्ने प्रकृयाका बारेमा अनभिज्ञ थिए । त्यसका लागी फाराम कसरी भर्ने र के गर्ने, कसरी पाइन्छ, कसले पाउछँ भन्ने बारेमा मेसो नै पाउन मुस्कील भयो ।

साथै साना ब्यवसायीहरुलाइ पनि यसले अष्ठेरो परिस्थितीको सृजना गर्यो । सरकारले सहयोग गर्छु भने पनि त्यसलाइ प्राप्त गर्ने उचित विधिको विषयमा अनभिज्ञता रहेको पाइयो । यसका लागी आवश्यक फाराम कसरी भर्ने, कसरी लिने, कहाँ लिने भन्ने कुराको अन्यौलता रह्यो।

समस्याले समाधान पनि आफू सगैं लिएर आएको हुन्छ तर सबै सर्वसाधारणले त्यो समाधान थाहा पाउन सक्दैनन । बानाको नेतृत्वले यस्को पूर्वअनुमान गरेर तुरुन्त तत् सम्वन्धि विज्ञहरु सगँ समन्वय गरि कार्यक्रम संचालन गर्यो । कार्यक्रममा बेरोजगारी विमालाइ विभिन्न कोणबाट सरल रुपमा ब्याख्या गरेर अनि साना ब्यवसायीलाइ आइपर्ने समस्या र अपनाउनुपर्ने विधिका बारेमा वृस्तृत जानकारी प्रदान गरिएको थियो। बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा बाना महासचिव श्री किरण ढकालको संयोजकत्वमा डीसी नेपालका पत्रकार श्री सन्देश खड्काज्यूले संचालन गर्नु भएको कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. श्री ह्यारी भण्डारी - डेलीगेट्स, जिल्ला ८, बाल्टीमोर काउन्टी, मेरिल्याण्ड

२.श्री प्रेमराजा महत - महामहीम अवैतनिक महाबाणीज्यदुत, मेरिल्याण्ड पेन्सलभेनिया

३. डा. सतिस देवकोटा - अर्थविद

४. श्री प्रेम संग्रौला - विश्व बैंक प्रतिनिधि

५. श्री डिल्ली राज भट्ट - अधिवक्ता, भट्ट ल फर्म

६. श्री हरि शर्मा - सीपीए, कीया एकाउन्टीङ तथा ट्याक्स सर्भिस

७. श्री कुलमणी आचार्य - ट्रष्टी अध्यक्ष, बाना तथा ब्यवसायी

८. श्री भिम बिक - सीइओ, सी एसआइ तथा संस्थागत विकास प्रमुख बाना

९. श्री सन्देश खड्का - पत्रकार, डीसी नेपाल

१०. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना

११.श्री किरण ढकाल - महासचिव बाना

बानाका तर्फबाट बेरोजगारी विमाका लागी सीइओ सी एसआइ तथा संस्थागत विकास प्रमुख बाना श्री भिम बिक, श्री ज्ञानेन्द्र श्रेष्ठ, श्री हुमनाथ काफ्ले तथा श्री दिपक पौडेल ज्यू को टोली गठन गरिएको थियो । वहाँहरुले २००० जना भन्दा बढिको प्रत्यक्ष फाराम भर्नुका साथै हजारौंको संख्यामा फोन मार्फत जवाफ दिएर सहयोग गर्नु भयो । साना ब्यवसायीका लागी बानाका ट्रष्टीका अध्यक्ष श्री कुलमणी आचार्यज्यू तथा बानाका ट्रष्टी श्री राजन कट्टेलज्यु तथा बानाका सल्लाहकार श्री किरण पन्तज्युको टोली गठन गरिएको थियो । वहाँहरुले धेरै जना ब्यवसायीहरुको प्रत्यक्ष फाराम भर्नुका साथै ठूलो संख्यामा फोन मार्फत जवाफ दिएर सहयोग गर्नु भयो ।

यस विशेष अभियानमा बानाका तर्फबाट बेरोजगारी विमाका लागी सीइओ सी एसआइ तथा संस्थागत विकास प्रमुख बाना श्री भिम बिकज्यु तथा बानाका ट्रष्टीका अध्यक्ष तथा ब्यवसायी श्री कुलमणी आचार्यज्यू को अतुलनिय योगदान रह्यो । बानाले यहाँहरुले गर्नु भएको अथक प्रयासका लागी हार्दिक धन्यबाद ज्ञापन गर्दछ ।

**९ अप्रील २०२०**

**बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधानका विषयहरु बारे सचेतना कार्यक्रम संस्करण २**

कोभिड १९ ले सबैभन्दा बढि प्रत्यक्ष समस्या ब्यक्तिगत बेरोजगारी र साना ब्यवसायलाइ पार्यो । कार्यक्रममा बेरोजगारी विमाको उपलब्धता सरकारबाट पाइने अनुदानलाइ विभिन्न कोणबाट सरल रुपमा छलफल भयो । साथै साना ब्यवसायीलाइ आइपर्ने समस्या र अपनाउनुपर्ने विधिका बारेमा विज्ञज्युहरुबाट वृस्तृत जानकारी प्रदान गरिएको थियो। बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा बाना महासचिव श्री किरण ढकालको संयोजकत्वमा डीसी नेपालका श्री सन्देश खड्काज्यूले संचालन गर्नु भएको कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. श्री डिल्ली राज भट्ट - अधिवक्ता, भट्ट ल फर्म
२. श्री हरि शर्मा - सीपीए, कीया एकाउन्टीङ तथा ट्याक्स सर्भिस
३. श्री कुलमणी आचार्य - ट्रष्टी अध्यक्ष बाना तथा ब्यवसायी
४. श्री भिम बिक - सीइओ, सी एसआइ तथा संस्थागत विकास प्रमुख बाना
५. श्री सन्देश खड्का - पत्रकार, डीसी नेपाल
६. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना
७.श्री किरण ढकाल - महासचिव बाना

**२६ अप्रील २०२०**

**बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधानका विषयहरु बारे सचेतना कार्यक्रम संस्करण ३**

कोभिड १९ ले  सबैभन्दा बढि प्रत्यक्ष प्रभाव पारेको समस्या ब्यक्तिगत बेरोजगारी र साना ब्यवसायिलाइ सहयोग गर्ने उद्वेश्य अनुसार पुर्व आयोजित कार्यक्रमको निरन्तरताको रुपमा र विषय बस्तुलाइ अझ बढि बिस्तारमा सुचनाको सम्प्रेषण गर्नका लागी यो कार्यक्रम संचालन गरिएको थियो । बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा बाना महासचिव श्री किरण ढकालको संयोजकत्वमा डीसी नेपालका श्री सन्देश खड्काज्यूले संचालन गर्नु भएको कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. श्री डिल्ली राज भट्ट - अधिवक्ता, भट्ट ल फर्म

२. श्री हरि शर्मा - सीपीए, कीया एकाउन्टीङ तथा ट्याक्स सर्भिस

३. श्री कुलमणी आचार्य - ट्रष्टी अध्यक्ष बाना तथा ब्यवसायी

४. श्री भिम बिक - सीइओ, सी एसआइ तथा संस्थागत विकास प्रमुख बाना

५. श्री सन्देश खड्का - पत्रकार, डीसी नेपाल

६. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना

७.श्री किरण ढकाल - महासचिव बाना

९ जुन २०२०

## बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको समस्या र समाधानका विषयहरु बारे सचेतना कार्यक्रम संस्करण ४

कोभिड १९ ले  सबैभन्दा बढि प्रत्यक्ष प्रभाव पारेको समस्या ब्यक्तिगत बेरोजगारी र साना ब्यवसायिलाइ सहयोग गर्ने उद्वेश्य अनुसार पुर्व आयोजित कार्यक्रमको निरन्तरताको रुपमा र विषय बस्तुलाइ अझ बढि बिस्तारमा सुचनाको सम्प्रेषण गर्नका लागी यो कार्यक्रम संचालन गरिएको थियो । बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा बाना महासचिव श्री किरण ढकालको संयोजकत्वमा डीसी नेपालका श्री सन्देश खड्काज्यूले संचालन गर्नु भएको कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. श्री डिल्ली राज भट्ट - अधिवक्ता, भट्ट ल फर्म

२. श्री हरि शर्मा - सीपीए, कीया एकाउन्टीङ तथा ट्याक्स सर्भिस

३. श्री कुलमणी आचार्य - ट्रष्टी अध्यक्ष बाना तथा ब्यवसायी

४. श्री भिम बिक - सीइओ, सी एसआइ तथा संस्थागत विकास प्रमुख बाना

५. श्री सन्देश खड्का - पत्रकार, डीसी नेपाल

६. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना

७.श्री किरण ढकाल - महासचिव बाना

२५ जुन २०२०

**बेरोजगारी विमा तथा अध्यागमनका समस्या र समाधानका विषयहरु बारे सचेतना कार्यक्रम संस्करण ५**

कोभिड १९ ले सबैभन्दा बढि प्रत्यक्ष प्रभाव पारेको समस्या ब्यक्तिगत बेरोजगारी तथा अध्यागमनका विषयमा अझ बढि बिस्तारमा सुचनाको सम्प्रेषण गर्नका लागी यो कार्यक्रम संचालन गरिएको थियो । बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा बाना महासचिव श्री किरण ढकालको संयोजकत्वमा डीसी नेपालका श्री सन्देश खड्काज्यूले संचालन गर्नु भएको कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. श्री डिल्ली राज भट्ट - अधिवक्ता, भट्ट ल फर्म

२. श्री कमल शर्मा - सीपीए, टेक्सास

३. श्री कुलमणी आचार्य - ट्रष्टी अध्यक्ष बाना तथा ब्यवसायी

४. श्री भिम बिक - सीइओ, सी एसआइ तथा संस्थागत विकास प्रमुख बाना

५. श्री सन्देश खड्का - पत्रकार, डीसी नेपाल

६. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना

७.श्री किरण ढकाल - महासचिव बाना

१५ जुलाइ २०२०

**बेरोजगारी विमा तथा अध्यागमनका समस्या र समाधानका विषयहरु बारे सचेतना कार्यक्रम संस्करण ६**

कोभिड १९ ले सबैभन्दा बढि प्रत्यक्ष प्रभाव पारेको समस्या ब्यक्तिगत बेरोजगारी तथा अध्यागमनका विषयमा अझ बढि बिस्तारमा सुचनाको सम्प्रेषण गर्नका लागी यो कार्यक्रम संचालन गरिएको थियो । बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्यूको अध्यक्षतामा बाना महासचिव श्री किरण ढकालको

संयोजकत्वमा डीसी नेपालका श्री सन्देश खड्काज्यूले संचालन गर्नु भएको कार्यक्रममा निम्न लिखीत विज्ञ महानुभावको उपस्थित रहेको थियो ।

१. श्री डिल्ली राज भट्ट - अधिवक्ता, भट्ट ल फर्म

२. श्री कमल शर्मा - सीपीए, टेक्सास

३. श्री कुलमणी आचार्य - ट्रष्टी अध्यक्ष बाना तथा ब्यवसायी

४. श्री भिम बिक - सीइओ, सी एसआइ तथा संस्थागत विकास प्रमुख बाना

५. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना

६.श्री किरण ढकाल - महासचिव बाना

## शिक्षाः

**५ अप्रील २०२०:**

### अनलाइन कक्षाहरुको बारेमा विज्ञहरु सगँ अन्तरक्रियाः

कोभिड १९ का कारण सम्पुर्ण विधालयहरु बन्द भएका छन । स्कुलहरुले अनलाइनबाट कक्षाहरु संचालन गरिरहेका छन । हाम्रो समुदायका अधिकांश अभिभावकहरु यस पद्वतिका लागी दक्ष नभएका कारण आफ्रा केटाकेटीहरुलाइ गुणस्तरीय तरीकाबाट सहयोग गर्न नसकीरहेको अवस्थामा बानाको शिक्षा बिभागले यस सम्वन्धि विज्ञहरुको सहयोगमा कार्यक्रम संचालन गर्यो । बानाका अध्यक्ष श्री सुबोध पन्तज्युको अध्यक्षतामा भएको यस कार्यक्रमलाइ बाना महासचिव श्री श्री किरण ढकालज्युले संचालन गर्नु भएको थियो । यस कार्यक्रमका लागी निम्न लिखीत श्रोत ब्यक्तिहरुको सहभागीता रहेको थियो ।

१. डा. कृष्ण ढकाल - सल्लाहकार तथा शिक्षा विभाग प्रमुख बाना

२. डा. मनोज श्रेष्ठ - उप प्राध्यापक, टावसन विश्वविधालय

३. श्री डेभिड रब - Supervisor, Blended Teaching & Learning, BCPS

४. श्री सन्देश खड्का - पत्रकार, डीसी नेपाल

५.श्री सुबोध विलास पन्त - अध्यक्ष बाना

६.श्री किरण ढकाल - महासचिव बाना

## विदेशी विधार्थिहरुलाइ आफ्रो देश फर्काउने बाध्यकारी नियमका बारे जानकारी ः

**१० जुलाइ २०२०**

**अमेरिकामा उच्च शिक्षा हासील गर्न आएका विदेशी विधार्थिहरुलाइ आफ्रो देश फर्काउनका लागी अमेरिकी सरकारले नयाँ बाध्यकारी कानुन बनाएको छ। उक्त कानुनबाट नेपाली विधार्थिहरु पनि प्रभावित हुने उच्च संभावना भएकाले लक्षीत वर्गको हकहित र संरक्षण कसरी गर्ने र आइपरेका नयाँ चुनौतिलाइ कसरी समाधान गर्ने भन्ने बारेमा सुसुचित गराउन कानुनी सल्लाह प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको थियो। साथै कार्यक्रमा बाध्यकारी नयाँ कानुन बारे जानकारी गराइएको थियो। कार्यक्रम बाना अध्यक्ष श्री सुबोध विलास पन्तको अध्यक्षतामा संचालित भइ बाना महासचिव श्री किरण ढकालले सहजिकरण गर्नु भएको थियो। कार्यक्रममा निम्न महानुभावहरुले भाग लिनु भएको थियो।**

**१. श्री डिल्ली राज भट्ट - अधिवक्ता, भट्ट ल फर्म**
**२. श्री सुर्योदय तिम्सिना - विधार्थि प्रतिनिधि**
**३. श्री सुबोध विलास पन्त- अध्यक्ष बाना**
**४. श्री किरण ढकाल - महासचिव बाना**

## सुचनाः

**२१ मार्च २०२०:**

**संयुक्त राज्य अमेरिकाको संघिय सरकार, राज्य सरकार तथा स्थानिय सरकारहरुकोआव्हानमा सामाजिक दुरी कायम गर्दै ब्यक्तिगत सरसफाइमा ध्यान दिनका लागी सम्पूर्ण समुदायलाइ हार्दिक अपिल गरियो। यस रोगको उपचार पत्ता नलागे सम्म यसको प्रसार रोक्नु नै महत्वपुर्ण हुने विधि भएका कारण बानाले समुदायलाइ सुसुचित गर्न उपलब्ध साधन श्रोत तथा सामाजिक स चालनको प्रयोग गरेको थियो।**

**२२ मार्च २०२०:**

**भ्रमण भिषामा आउनु भएका आमाबुवा तथा अन्य नेपालीहरुलाइ औषधिहरुको समस्या परेमा डाक्टरज्युहरुबाट प्रेस्क्रिप्सन बनाएर उपलब्ध गराउने निती अन्तर्गत सहयोग गर्ने कार्यक्रमको शुरुवात गरियो**

। यसका लागी डा. डील्ली राम पौडेलज्युले महत्वपूर्ण सहयोग गर्नु भएको थियो । उहाँलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**जुन १५ २०२०**

**अमेरिका स्थित नेपाली राजदुतावासबाट समुदायको हितमा जारी विज्ञप्तिलाइ समुदाय सम्म पुर्याउन सहयोगः**

कोरोना भाइरसका कारण नेपाल फर्कन नपाउनु भएका नेपालीहरुलाइ नेपाल फर्कने ब्यवस्थाका बारेमा  अमेरिका स्थित नेपाली राजदुतावासका तर्फबाट जारी विज्ञप्तिलाइ समुदाय सम्म पुर्याउन प्रचारप्रसार गरियो ।

**जुन १६ २०२०**

**निशुल्क कोभिड परिक्षण बारे जानकारीः**

टोटल हेल्थ केयर बाल्टीमोर द्वारा मोर्निङ्ग स्टार बाप्टीष्ट चर्चको प्राङ्गणमा मिति २० जुन २०२० शनिबारका दिन पीसीआर प्रविधिबाट कोभिड १९ को निशुल्क जाँच हुन गइरहेको सुचना जनहितमा जारी गरियो ।

**१ अप्रील २०२०:**

**नियमित स्वास्थ्य विमा भर्नमा सहयोगः**

२०२० को नियमित स्वास्थ्य विमा गर्न छुट्नु भएकाहरुलाइ सरकारले विमा गर्ने म्याद थप गरेका कारण यसको सदुपयोग गर्नका लागी बाना द्वारा बानाको आफ्नै भवनमा नेपाली समूदायलाइ विमा गरिदिनका लागी सहयोग गर्न स्वास्थ्य विभाग बानाका सदस्य श्री दिपक थापाज्यूलाइ जिम्मेवारी दिइयो ।

**अमेरिका स्थित नेपाली राजदुतावासबाट समुदायको हितमा जारी विज्ञप्तिलाइ समुदाय सम्म पुर्याउन सहयोगः**

कोरोना भाइरसबाट बच्न र अरुलाइ बचाउन अपनाउनु पर्ने सजगताका विधिहरुबारे अमेरिका स्थित नेपाली राजदुतावासका तर्फबाट प्राप्त सुचनाहरु समुदाय सम्म पुर्याउन प्रचारप्रसार गरियो ।

**राष्टिय जनगणना २०२० बारे प्रचार प्रसारः**

अप्रील १ जनगणना दिवस हो । यसको उपलक्ष्यमा बानाले अमेरिकी सरकारको राष्टिय जनगणना २०२०को जनगणनामा कोही नेपालीहरु नछुटुन भनेर समुदायका लागि सुचनामूलक सामग्रीहरु प्रकाशीत गरियो । यसका कार्यक्रमका लागी बानाका सल्लाहकार डा. कृष्ण ढकालज्युले नेतृत्वदायि भुमिका खेल्नु भएको थियो । उहाँको यस महत्वपुर्ण भुमिकाका लागि बाना हार्दिक धन्यवाद दिन चाहन्छ।

**२८ मे २०२०**

**अमेरिका स्थित नेपाली राजदुतावासबाट समुदायको हितमा जारी विज्ञप्तिलाइ समुदाय सम्म पुर्याउन सहयोगः**

कोरोना भाइरसबाट उत्पन्न विशेष परिस्थितिका कारण नेपाल जान नपाउनु भएका नेपाली नागरिकहरुलाइ स्वदेश फर्कनका लागी नेपाली राजदुतावासले जारी गरेको अनुरोधलाइ समुदाय सम्म पुर्याउने महत्वपूर्ण भुमिका निर्वाह गरियो ।

## भौतिकः

**१. स्वास्थ्य सामग्रीः**

**१५ अप्रील २०२०**

**एन ९५ मास्क वितरणः**

यस संकटको घडीमा अति उच्च आर्थिक जोखीम मोलेर भएपनि समाजका लागी अत्यावश्यक भएको मास्कको मागलाइ केही हदसम्म भए पनि पुरा गर्नका लागी हामी सफल भएका छौं । हामीले मित्रराष्ट्र चिनबाट १५०० थान एन ९५ मास्क मगाएर सशुल्क भए पनि समुदायमा हस्तान्तरण गर्ने मौका पायौं। यसका लागी प्रत्यक्ष सहयोग गर्ने क्यालीफोर्निया निवासी ब्यवसायी श्री रामबाबु पाण्डेज्यु तथा सहयोगी श्री राजेन्द्र जोशीज्यु प्रति बाना हार्दिक आभार प्रकट गर्दछ ।

यस मास्क वितरण कार्यक्रममा भौतिक रुपमा उपस्थित भइ स्वयमसेवकको भुमिका निर्वाह गरि सहयोग गर्नु हुने महानुभावहरुलाइ धन्यवाद दिन चाहन्छौं ।

१. श्री सुबोध विलास पन्त - अध्यक्ष बाना
२. श्री हिरा गुरुङ्ग - वरिष्ट उपाध्यक्ष बाना
३. श्री किरण ढकाल - महासचिव बाना
४. श्रीमती अनुसुया श्रेष्ठ वन्त - निवर्तमान अध्यक्ष बाना
५. श्री देब शर्मा - ट्रष्टी सदस्य बाना
६. श्री दमन विक्रम शाह -सुदुरपश्चिम नेपाली समाज अध्यक्ष तथा युवा तथा खेलकुद विभाग बाना
७. श्री अनिल गोदार - कार्यकारी सदस्य कार्यसमिति बाना
८. श्रीमती पार्वती सिंह - कार्यकारी सदस्य कार्यसमिति बाना
९. श्रीमती केमिका भण्डारी - पर्यटन विभाग प्रमुख बाना
१०. श्री कृष्ण शर्मा - स्वयमसेवक
११. श्री जीवन पौडेल - स्वयमसेवक
१२. श्री भिम के.सी. - कोषाध्यक्ष बाना
१३. श्री ज्ञानेन्द्र गहतराज - कार्यकारी सदस्य कार्यसमिति बाना

**३० मार्च २०२०:**

**ह्याण्ड स्यानीटाइजर र सर्जिकल मास्कको वितरणः**

एनआरएनए आइसीसी का क्षेत्रीय संयोजक श्री राजन त्रिपाठीज्यु तथा एनआरएनए एनसीसी अमेरिकाका उपाध्यक्ष श्री कृष्णजिबी पन्तज्युको सहयोगमा बानाको आफ्नै भवनबाट नेपाली समूदायका लागी ह्याण्ड स्यानीटाइजर र सर्जिकल मास्कको वितरण गरियो । उहाँहरुको योगदानलाइ धन्यबाद दिन चाहन्छौं । यस वितरण कार्यक्रममा बानाका अध्यक्ष श्री सुबोध बिलास पन्त, श्री कीरण ढकाल महासचिव बाना एवं सुदुर पश्चिम समाज मेरिल्याण्डका अध्यक्ष तथा बानाका युवा तथा खेलकुद विभागका प्रमुख श्री दमन विक्रम शाहको महत्वपूर्ण भुमिका रहेको थियो ।

२. खाध्य सामग्रीः

३ मे २०२०

एफ १ भिषामा अध्यनरत विधार्थिहरु तथा अष्ठेरोमा परेका नेपालीहरुलाइ सहयोग गर्ने समिति गठनः

मेरिल्याण्डमा एफ १ भिषामा अध्यनरत विधार्थिहरु तथा अष्ठेरोमा परेका नेपालीहरुलाइ खाधान्न लगायतका अन्य समस्याहरुको पहिचान गरि सहयोग गर्नका लागी डा. कृष्ण ढकालज्युको नेतृत्वमा निम्न लिखीत महानुभावहरको समिति निर्माण गरियो ।

१. डा. कृष्ण ढकाल - सल्लाहकार तथा शिक्षा विभाग प्रमुख बाना
२. श्री गणेश लामीछाने - उपाध्यक्ष बाना
३. श्री दमन बिक्रम शाह -सुदुरपश्चिम समाज अध्यक्ष तथा युवा तथा खेलकुद विभाग प्रमुख बाना
४.श्री भिम के.सी - कोषाध्यक्ष बाना
५.श्री अरुण आकास श्रेष्ठ - सचिव बाना
६.श्री अनिल गोदार - कार्यकारी सदस्य बाना
७. श्री सुर्य तिमिल्सिना - स्वयमसेवक

**कोभिड १९ को यस संकटको घडीमा बाना द्वारा समुदायमा  निम्न संख्यामा सामग्रीहरुको वितरण गरेको थियो:**

| | |
|---|---|
| १. सर्जिकल मास्क | ८००० थान |
| २. कपडा मास्क | १२०० थान |
| ३. एन ९५ | १५०० थान |
| ४. के एन ९५ | ३००० थान |
| ५. थर्ममिटर | ५०० थान |
| ६. पीपीए | ५ थान |
| ७. टायनल | ५० थान |
| ८. भिटामिन सी | ३० थान |
| ९. स्यानिटाइजर | ६०० थान |
| १०. ग्लोब्स | ३०० थान |
| ११. खाध्यान्न | ५०० परिवार |

**यस अभियानमा निम्न लिखीत महानुभावहरुले केही भौतिक सामग्रीहरुको सहयोग गर्नु भएको थियो:**

| | |
|---|---|
| १. श्री कृष्णजिवि पन्त तथा श्री राजन त्रिपाठी | ह्याण्डस्यानिटाइजर तथा सर्जिकल मास्क |
| २. श्री कृष घिमिरे | ह्याण्डस्यानिटाइजर तथा सर्जिकल मास्क |
| ३. श्री कृष्ण सेढाइ | ह्याण्डस्यानिटाइजर |
| ४. श्री विश्व कर्माचार्य | सर्जिकल मास्क |
| ५. एम डी ग्रीन इनर्जी एल एल सी | के एन ९५ तथा सर्जिकल मास्क |

**कपडाको मास्क सिलाउन सहयोग गर्नेहरु:**

| | |
|---|---|
| १. श्रीमती रत्ना थापा | उत्कृष्ट सहयोग |

२. श्रीमती कमला भुषाल

३. श्रीमती पुष्पा पौडेल

४. श्रीमती सुलोचना गोदार पन्त

५. श्रीमती कामना पंथी

६. श्रीमती विजया कार्की पन्त

सामग्री खरीद गर्न सहयोग गर्नेहरुः

| | |
|---|---|
| १. श्री रामबाबु पाण्डे | क्यालीफोर्निया |
| २. श्री राजेन्द्र जोशी | क्यालीफोर्निया |
| ३. श्रीमती बिनिता जी.सी | न्युयोर्क |
| ४. श्री मंगल महर्जन | बाल्टीमोर |

१२ मे २०२०

खाधान्न वितरणः

नेपाली समुदायको दुख बिसाउने चौतारीको रुपमा बानाले सशक्त रुपमा आफुलाइ स्थापित गर्दै गइरहेको छ। यसै सन्दर्भमा केही नेपालीहरुलाइ अप्ठेरो परेको सुचना प्राप्त हुनासाथ ८ जनालाइ १ महिना सम्म पुग्ने खाधान्नको हस्तान्तरण बानाका अध्यक्ष श्री सुबोध विलास पन्त, वरिष्ट उपाध्यक्ष श्री हीरा गुरुङ्ग तथा बानाका पुर्व सदस्य श्री बल बहादुर गुरुङ्गज्युबाट भएको थियो।

२२ मे २०२०

खाधान्न वितरणः

विशेषत एफ १ भिषामा रहनु भएका विधार्थिहरु तथा अप्ठेरोमा परेका नेपालीहरुलाइ केही दिन सम्म पुग्ने गरि खाधान्न वितरण गरिएकोछ। उक्त सहयोग विभिन्न दाताहरु तथा बाना आफैले खरीद गरि उपलब्ध गराइएको थियो।

२४ मे २०२०

**एफ १ भिषामा अध्यनरत विधार्थिहरु तथा अष्ठेरोमा परेका नेपालीहरुलाइ १ महिने खाधान्न सहयोगः**

मेरिल्याण्डमा एफ १ भिषामा अध्यनरत विधार्थिहरु तथा अष्ठेरोमा परेका नेपालीहरुलाइ आव्हान गरेर विभिन्न दाताहरुबाट प्राप्त सहयोग र केही बाना आफैले खाधान्न खरिद गरि आउन सक्नेहरुलाइ बानाको आफ्नै भवनबाट तथा आउन नसक्नेहरुलाइ होम डेलीभरि मार्फत घर घरमा पुर्याइ वितरण गरियो । यस कार्यक्रममा सहयोग गर्नुहुने निम्न महानुभावहरुलाइ बानाका तर्फ बाट विषेश धन्यवाद दिन चाहन्छौं।

१. श्री ह्यारी भण्डारी - डेलीगेट्स, जिल्ला ८, बाल्टीमोर, काउन्टी मेरिल्याण्ड

२. श्री प्रेमराजा महत -महामहीम अवैतनिक महाबाणीज्यदुत, मेरिल्याण्ड पेन्सलभेनिया ब्यवसायी

३. श्री प्रकाश शर्राफ - ब्यवसायी

४.फ्रेन्डस अफ स्पार्स - ब्यवसायी

५. श्री अनु वन्त - पूर्व अध्यक्ष बाना तथा ब्यवसायी

६. श्री कुलमणी आचार्य - ट्रष्टी अध्यक्ष बाना तथा ब्यवसायी

७. श्री प्रभु थापा - अध्यक्ष, वएनएफ तथा ब्यवसायी

८. श्री सागर कुवँर - कार्यकारी सदस्य कार्यसमिति बाना

**१२ मे २०२०**

**स्थानिय अस्पतालमा खाना वितरणः**

मेरिल्याण्ड राज्यको बाल्टीमोर स्थित लुम्बिनी रेस्टुरेन्टकी संचालीका बाना की पूर्व अध्यक्ष तथा एनआरएन आसीसीकी उपाध्यक्ष श्रीमती रबीना थापाज्युको प्रायोजन तथा बाना सगँको सहकार्यमा मेरिल्याण्ड विश्वविधालयको अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुलाइ खानाको ब्यवस्था गरियो । यसका लागी बाना उहाँको सहकार्यका लागी धन्यवाद दिनुका साथै आगामी दिनहरुमा अझ बढि उत्सुक रहेको जानकारी गराउदँछ । यस कार्यक्रममा बानाका तर्फबाट अध्यक्ष श्री सुबोध विलास पन्त तथा सदस्य श्री अनिल गोदारज्युको सहभागिता रहेको थियो ।

**३१ मे २०२०**

**एफ १ भिषामा अध्यनरत विधार्थिहरु तथा अष्ठेरोमा परेका नेपालीहरुलाइ १ महिने खाधान्न सहयोगः**

मेरिल्याण्डमा एफ १ भिषामा अध्यनरत विधार्थिहरु तथा अष्ठेरोमा परेका नेपालीहरुलाइ आव्हान गरेर विभिन्न दाताहरुबाट प्राप्त सहयोग र केही बाना आफैले खाधान्न खरिद गरि आउन सक्नेहरुलाइ बानाको आफ्नै भवनबाट तथा आउन नसक्नेहरुलाइ होम डेलीभरि मार्फत घर घरमा पुर्याइ वितरण गरियो । यस कार्यक्रममा खाधान्न कपडाका मास्क तथा ग्लोब्सहरु वितरण गरिएको थियो । सो का लागी सहयोग गर्नुहुने निम्न महानुभावहरुलाइ बानाका तर्फ बाट विषेश धन्यवाद दिन चाहन्छौं।

१. भारतीय सांस्कृतिक संघ हावर्ड काउन्टी

२. विश्व हिन्दु महासंघ अमेरिका

३. श्री महेन्द्र सापा

उक्त कार्यक्रममा निम्न ब्यक्तिहरु तथा संघसंस्थाहरुका प्रतिनिधिहरुज्युहरुको उपस्थिती रहेको थियो ।

१. श्री दमन विक्रम शाह - अध्यक्ष सुदुरपश्चिम समाज मेरिल्याण्ड

२. श्री कुल गुरुङ्ग - अध्यक्ष कास्की समाज

३. श्री इन्द्र थापा - अध्यक्ष म्याग्दी समाज

४. श्री जेदु पोखरेल - एनआरएन आइसीसी

५. श्री धन बहादुर गुरुङ्ग - अध्यक्ष पर्वत समाज

६. श्री प्रभु थापा -अध्यक्ष प्रवासी नेपाली मञ्च अमेरिका

७. श्री भिम बिक - सीइओ, सी एस आइ तथा संस्थागत विकास प्रमुख बाना

८. श्री नेत्र केसी - महासचिव जनसम्पर्क समिती मेरिल्याण्ड

९. श्री कृष्ण ढकाल - सल्लाहकार बाना

१०. श्री सुबोध पन्त - अध्यक्ष बाना

११. श्री किरण ढकाल - महासचिव बाना

१२. श्री भिम केसी - कोषाध्यक्ष बाना

१३. श्री हिरा खत्री - मेम्बरसीप डाइरेक्टर बाना

१४. श्री रबीलाल सुनार - सल्लाहकार बाना

१५. श्री किरण पन्त - सल्लाहकार बाना

१६. श्री जनक पौडेल - सल्लाहकार बाना

१७. श्री रोशन कुवँर - स्वयमसेवक

१८. श्री सुवास कुवँर - स्वयमसेवक

१९. श्री सुर्य तिमील्सीना - स्वयमसेवक

२०. श्री रुद्र गुरुङ्ग - स्वयमसेवक

२१. श्री गोपालचन्द्र लामीछाने - स्वयमसेवक

२२. श्री सन्दीप पुन - स्वयमसेवक

२३. श्री रमेश शर्मा - स्वयमसेवक

२४. श्री किरण शाही - स्वयमसेवक

२५. श्री आशीष श्रेष्ठ - स्वयमसेवक

२६. श्री सुदीप अर्याल - स्वयमसेवक

२७. श्री रोशन कुवँर - स्वयमसेवक

२८. श्री सुबास कुवँर - स्वयमसेवक

२९. श्री मनिष बाँनिया - स्वयमसेवक

३०. श्री सुशील शाह - स्वयमसेवक

३१. श्री अपार श्रेष्ठ - स्वयमसेवक

३२. श्री अनुप जंग क्षेत्री - स्वयमसेवक

३३. श्री विश्व राज बराल - स्वयमसेवक

३४. श्री अर्जुन क्षेत्री - स्वयमसेवक

३५. Imigration Outreach Service Centre, Baltimore

**६ जुन २०२०**

**हरियो सागसब्जी वितरणः**

बाल्टीमोर काउन्टीबाट प्राप्त हरियो सागसब्जीहरु बानाको भवनबाट वितरण गरि समुदाय सम्म पुर्याइयो। यस सहयोगका लागी बानाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं ।

**१४ जुन २०२०**

**खाधान्न वितरणः**

मंगल मन्दिर र विश्व हिन्दु परिषद महासंघ अमेरिका तथा बानाको सहयोगमा नेपाली समुदायलाइ खाधान्नको वितरण गरिइको थियो। खाधान्न लिन केही नेपालीहरु बाना भवनमा आउनु भएको थियो भने अधिकांशलाइ घर दैलोमा पुर्याउने काम भएको थियो। यस अभियानबाट ४० भन्दा बढि नेपाली परिवार लाभान्वित भएका थिए।

## समन्वय र सहकार्यः सरकारी तथा गैरसरकारी निकाय

### सरकारी निकाय सगँ समन्वयः

बानाले नेपाली समुदायलाइ सरकारी निकाय सम्म पहुचँ पुर्याउनका लागी स्थानिय स्कुलहरुसगँ सहकार्य गर्नुका साथै काउन्टी तथा सिटीका समुदायीक कार्यक्रम सगँ सहकार्य तथा समन्वय गर्दै जनगणनाका बारेमा समुदायलाइ सुसुचित गर्ने तथा कोभिड १९ विरुद्धको अभियानमा सकृय भुमिका निर्वाह गर्यो।

### २१ अप्रील २०२०

### कोभिड १९ को कारण नेपाली समुदायमा बद्दो जोखीम र संभावित चुनौति विषयक छलफल कार्यक्रमः

विश्वमा हालको अवस्थामा कोभिड १९ को सबैभन्दा बढि प्रत्यक्ष प्रभावित राष्ट्र अमेरिका रहेको सबैलाइ छर्लङ्ग नै छ। यस बाट नेपालीहरुको आशाको केन्द्र नेपाली राजदुतावास यस विषयमा गंभिर नहुने त कुरै भएन।

यसै कुराको गाम्भिर्यतालाइ मनन गरि अमेरिकाका लागी नेपाली राजदुत महामहीम डा.अर्जुन कार्कीज्युको प्रमुख आतिथ्य तथा बानाका अध्यक्ष श्री सुबोध विलास पन्तज्युको अध्यक्षतामा बानाका सम्पुर्ण कार्यसमिति सदस्यज्युहरु, ट्रष्टीज्युहरु, विभिन्न विभाग प्रमुखज्युहरु, पूर्व पदाधिकारीज्युहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिज्युहरु तथा एनआरइन आइसीसी उपाध्यक्ष श्रीमति रबिना थापाज्युको समेतको उपस्थितिमा वृहत छलफल कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा नयाँ वर्ष २०७७ को शुभकामना आदानप्रदान गर्नुका साथै कोभिड १९ ले समुदायमा उत्पन्न गराएका जोखीमहरु तथा संभावित चुनौतीहरुका बारेमा ब्यापक चर्चा गरिएको थियो। एवं यसबाट पार पाउनका लागी समुदायमा कसरी एकले अर्कालाइ सहयोग गर्नु पर्छ अनि नेपाली नियोग र स्थानिय नेपाली संघसंस्थाहरुको बिच कस्तो समन्वयकारी भुमिका हुनु पर्छ भन्ने विषयमा गहन अन्तर्क्रिया

गरिएको थियो । महामहीम राजदुत डा.अर्जुन कार्कीज्युले बाना द्वारा कोभिड १९ विरुद्ध गरेका कार्यक्रमहरुको उच्च मुल्याङ्कन गर्नुका साथै भविष्यमा समुदायको हितमा समन्वयात्मक रुपमा सगँै मिलेर काम गर्न इच्छुक रहेको जानकारी गराउनु भएको थियो ।

**२६ अप्रील २०२०:**

**सान - नेपाली नर्सहरुको संस्था र बाना बिच संझौता सम्पन्नः**

मेरिल्याण्डको बाल्टीमोरमा रहेका नेपालीहरुलाइ अझ सशक्त रुपमा सहयोग हुन सकोस भनि स्थापित संघसंस्थाहरु बिच निरन्तर समन्वय र सहकार्य गर्ने उद्देश्य अनुरुप विभिन्न अस्पतालमा कार्यरत नेपाली नर्सहरुको संस्था सान तथा बाना बिच समन्वय र सहकार्यको लागी सम्झौता गरियो । उक्त सम्झौतामा बानाका तर्फबाट बाना अध्यक्ष श्री सुबोध विलास पन्तज्यु तथा सानका तर्फबाट अध्यक्ष श्रीमती मञ्जु संग्रौलाज्युले हस्ताक्षर गर्नु भएको थियो ।

**अपील र विज्ञप्तिः**

**११ मे २०२०**

**आर्थर गनलाइ जिताउन बाना द्वारा नेपाली समुदाय सगँ अपिलः**

यस महामारीको घडीमा समेत नेपाली मुलका गायक श्री दिवस पोखरेलले अमेरिकन आइडलमा एक पछिअर्को उत्कृष्ट प्रस्तुति दिंदै टप ५ मा पुगिसकेपछि उनलाइ विजयी बनाउनका लागी आवश्यक मत प्रदान गर्नका लागी बानाले अमेरिका तथा बाहीर रहेका सम्पुर्ण नेपाली समुदायलाइ हार्दिक अपिल गर्यो । यसबाट बाना नेपालीहरुको दुखमा मात्र हैन नेपालीहरुको वृत्ती विकासका लागी पनि खटीरहने संस्थाको रुपमा परिचित हुने मौका पायो ।

**५ अप्रील २०२०**

**समवेदना विज्ञप्तिः**

कोरोना भाइरसबाट अरुहरु जस्तै नेपालीहरु समेत प्रभावित भइ अमेरिकाको न्युयोर्क शहरमा ४ जना नेपालीहरको मृत्यु भएको यस दुःखद घडीमा बानाका तर्फबाट विज्ञप्ति मार्फत हार्दिक समवेदना अर्पण गरियो ।

**बानाको यस महत्वपूर्ण अभियानमा स्वःस्फुर्त सहयोग गर्ने सहयोगी मनहरुको नामावलि यसप्रकार छः**

| नाम | रकम अमेरिकी डलर |
|---|---|
| १. श्री प्रभु थापा | ५०० |
| २. श्री गणेश लामीछाने | ५०० |
| ३. श्री राजन कट्टेल | १०० |
| ४. श्री दमन विक्रम शाह | १०० |
| ५. श्री प्रेमराजा महत | ५५१ |
| ६. श्री मोहन पन्त | ११० |
| ७. श्री धर्म बेलबासे | १०० |
| ८. श्री दिवाकर ज्ञवाली | १५१ |
| ९. श्री शेष खनाल | १०१ |
| १०. सुश्री अलिसा वन्त | २०१ |
| ११. श्री कुल गुरुङ्ग | २०० |
| १२. श्री किरण पन्त | ३०१ |
| १३. श्री दिपक थापा | १११ |
| १४. श्रीमति यमुना घिमीरे | १०१ |
| १५. श्री अरुण आकाश श्रेष्ठ | १०१ |
| १६. श्री ज्ञानेन्द्र गहतराज | १०१ |
| १७. श्री कन्ह्यैया सिंह परियार | १०३ |
| १८. श्री बाबु रुपक सोडारी | ३० |
| १९. श्री कुलमणी आचार्य | ३०१ |
| २०. श्री ग्लेन गिलहार | ५० |
| २१. श्री पर्ल रेग्मी | १५० |
| २२. श्री समिर नेपाल | १०१ |
| २३. श्री टंक कुवँर | ११५ |

२४. श्री हिरा गुरुङ्ग २०१

२५. श्री यादब खनाल १०१

२६. श्री सुबोध विलास पन्त ३५१

२७. श्रीमती केमिका भण्डारी १०१

२८. श्री बल बहादुर गुरुङ्ग १०१

२९. श्री देब शर्मा १०१

३०. श्रीमती सृजना थापा बिरही १०१

३१. श्री शशी थापा १०५

३२. श्री प्रकाश भट्टराइ १०१

३३. श्री संतोष पौडेल १०१

३४. श्री सुशील पगेनी १०१

३५. श्री सागर कुवँर १०५

३६. श्री निर थापा १३०

३७. श्री श्रीराम चापागाइं १०५

३८. श्री उदय भट्टराइ १०१

३९. श्रीमती रबिना थापा - एनआरएन आइसीसी १००१

४०. श्री टेक गुरुङ्ग - प्रवासी एकता मंच अमेरिका १०००

४१. श्री रबीलाल सुनार १०१

४२.श्री उज्वल ठकुरी १०१

४३. श्री बिनोद उप्रेती १००

४४. श्री राम राज धमला १०१

४५.श्री इन्द्र बहादुर थापा ३००

४६. श्री घन बहादुर गुरुङ्ग - पर्वत समाज ३००

४७. श्री कृष्ण ढकाल १०१

४८. श्रीमती डीला बस्नेत १५०

ट्रष्टी कोषका लागीः

१. श्री रबीलाल सुनार १७०

| | |
|---|---|
| २. श्री दिपक थापा | ५०० |
| ३. श्री प्रेम कुमार श्रेष्ठ | १००० |
| ४. श्री कृष घिमिरे | २००० |
| ५. श्री गणेश लामीछाने | २५०० |

## संचारः

आजको संसार प्रविधीको संसार हो । विश्वको जुनसुकै कुनामा बसेर भए पनि विश्व भरि भैरहेका गतिविधिहरुलाइ प्रविधिको सहायताले आफ्नो पहुँचमा अनि आफ्नो काम र विचारलाइ समुदायको पहुँच सम्म सजिलै सगँ पुर्याउन सकीन्छ । यसको सर्वोत्तम उपाय भनेको संचार समुहहरु सगँ समन्वय र सहकार्य हो । यस महामारीका दौरान बानाले नेपाल तथा अमेरिकामा रहेका विभिन्न पत्रकारज्युहरु सगँ अन्तरक्रिया कार्यक्रम गरेको थियो ।

**अप्रिल १० २०२०**

**डीसी नेपालः अमेरिका**

डीसी नेपालका पत्रकार श्री सन्देश कुमार खड्काज्युबाट बानाका अध्यक्ष श्री सुबोध बिलास पन्तज्यु सगँ बानाको कोभिड १९ को ब्यवस्थापनमा निभाउदैं गरेको भुमिकाका बारेमा अत्यन्त सान्दर्भिक अन्तरक्रिया भएको थियो । उक्त कार्यक्रममा सहयोग लिन चाहनु भएका नेपालीहरुलाइ बाना सगँ सम्पर्क गर्न आव्हान गर्नु भएको थियो ।

**अप्रील २२ २०२०**

**नेपालीज डायस्पोराःअमेरिका**

नेपालीज डायस्पोराका पत्रकार श्री सतिश चापागाइज्युँबाट बानाका अध्यक्ष श्री सुबोध बिलास पन्तज्यु सगँ कोभिड १९ को महामारीको समयमा गरिरहनु भएका कामहरुका बारेमा अत्यन्त सान्दर्भिक छलफल भएको थियो । उक्त कार्यक्रममा बाना र  नेपाली समुदायको अन्तरसम्वन्धको बारेमा धेरै सरल रुपमा छलफल भएको थियो ।

**अप्रील २९ २०२०**

**सेतीमादी दैनिकः नेपाल**

सेतीमादी दैनिकका पत्रकार श्री डम्बर अधिकारीज्यु सगँ बाना कार्यसमितीका सदस्य श्री अनिल गोदारज्यु सगँ अमेरिकामा रहेका नेपाली समुदायलाइ परेको प्रत्यक्ष प्रभावका बारेमा छलफल गर्नु भएको थियो ।

मे १५ २०२०

दुरबिन नेपालः अमेरिका

दुरबिन नेपालका पत्रकार श्री बद्री गौतमज्युबाट बानाका अध्यक्ष श्री सुबोध बिलास पन्तज्यु सगँ कोभिड १९ को महामारीको समयमा गरिरहनु भएका कामहरुका बारेमा अत्यन्त सान्दर्भिक प्रत्यक्ष प्रसारण भएको थियो । उक्त कार्यक्रममा बानाले  नेपाली समुदायका लागी स चालन गरेका कार्यक्रमको बारेमा छलफल भएको थियो ।

मे १५ २०२०

कैलाश खबरःनेपाल

कैलाश खबरका पत्रकारज्युले बानाका अध्यक्ष श्री सुबोध बिलास पन्तज्यु सगँ कोभिड १९ को महामारीको समयमा अमेरिकामा रहेका नेपाली समुदायलाइ परेको प्रत्यक्ष प्रभावका बारेमा छलफल गर्नु भएको थियो । उक्त कार्यक्रममा बानाले  नेपाली समुदायका लागी स चालन गरेका कार्यक्रमको बारेमा छलफल भएको थियो ।

१६ मे २०२०

बिआरटी नेपालका तर्फबाट पाँच पटक विभिन्न विधाका विश्व किर्तिमानी श्री उज्वल ठकुरीसगँको कुराकानीः

पाँच पटक विभिन्न विधाका विश्व किर्तिमानी श्री उज्वल ठकुरीज्युले बानाका अध्यक्ष श्री सुबोध बिलास पन्तज्यु सगँ कोभिड १९ को महामारीको समयमा गरिरहनु भएका कामहरुका बारेमा छलफल भएको थियो । उक्त कार्यक्रममा समुदायका स्थापित संस्थाहरुको बिचमा भइरहेका समन्वयका बारेमा विशेष रुपमा चर्चा भएको थियो ।

मे १८ २०२०

रेडीयो हिमालयः नेपाल

रेडीयो हिमालयका पत्रकार श्री बुद्दी विश्वकर्माज्यु सगँ बानाका अध्यक्ष श्री सुबोध बिलास पन्तले अमेरिकामा रहेका नेपालीहरुको अवस्था र महामारी सगँ गरिरहेको पौंठेजोरीका बारेमा छलफल गरिएको थियो ।

अन्त्यमा,

समग्रमा संस्था ब्यक्तिहरुको समुह हो । ब्यक्तिहरुको भुमिका तथा कर्तब्यपरायणताले संस्थालाइ जिम्मेबार बनाउदँछ । नेतृत्व समाज भन्दा फरक हुदैंन तर समाज भन्दा टाढा र स्पष्ट देख्ने गर्दछ । यदि समाजलाइ मात्र हेरेर नेतृत्व चल्छ भने पनि उसले समाजलाइ परिवर्तन दिन सक्दैन । नेतृत्वले समाजले देख्ने गरि अगाडी अगाडी हिंड्नु पर्दछ । यदि नेतृत्व समाजले नदेख्ने गरि धेरै छिटो छिटो हिंडेमा पनि समाजले त्यसबाट लाभ लिन सक्दैन ।

त्यसैले बाना पनि यस्तै कर्मठ कर्मविर योद्धाले मोर्चामा खटेका कारण आफ्नो समुदायमा विशेष छाप छोड्न सफल भयो । अहिले अमेरिकामा जताततै लेखेको देख्न पाइन्छ हिरोज वर्क हेयर साँच्चै भन्ने हो भने बानामा यो भनाइ ब्यवहारमा लागु भएको छ । बानाका अध्यक्षज्युले आफ्नो नेतृत्वमा काम गर्दा अभियानको सफलताका लागी उत्कृष्ट सहयोग गर्नुहुने महानुभावहरुलाइ विशेष धन्यबाद दिन चाहनु भएको छ ।

बानालाइ सफल बनाउन महत्वपुर्ण सहयोग गर्नुहुने आफ्नो नेतृत्वमा रहनु हुने कार्यसमितीका पदाधिकारीज्युहरु तथा कार्यकारी सदस्यज्युहरुलाइ धन्यवाद ज्ञापन गर्न चाहनु भएको छ । साथै आवश्यकता परेका बेला दिन रात नभनि सल्लाह सुझाव दिने सल्लाहकारज्युहरु तथा संस्थाका मेरुदण्डका रुपमा रहनु भएका ट्रष्टीज्युहरुको समुहलाइ पनि धन्यबाद ज्ञापन गर्नु भएको छ ।

बानाको उद्देश्यलाइ साँचो अर्थमा सफल बनाउनका लागी अहोरात्र खटीने तल उल्लेखीत महानुभावहरु प्रति विषयगत रुपले सराहना गर्न चाहनु भएको छ ।

डा. विशाल भण्डारी - महामारीको समयमा आवश्यक महत्वपुर्ण जनशक्ति चिकीत्सकहरुसगँ उत्कृष्ट समन्वयका लागी ।

डा. डिल्ली राम पौडेल - समुदायमा जनचेतनाको अभिवृद्दि तथा नेपालबाट आउनु भएकाहरुलाइ प्रेस्क्रीप्सन तयार गरेर महत्वपुर्ण योगदानका लागी ।

श्री डिल्लीराज भट्ट - एटोर्नीका रुपमा कार्यरत वहाँले बाना द्वारा स चालित कार्यक्रममा कानुनी सल्लाह र सुझाव बाट समुदायलाइ गर्नु भएको हित तथा बानाद्वारा सीफारीस गरिएका ब्यक्तिहरुलाइ आवश्यक सेवा र सल्लाह प्रदान गरि गर्नु भएको सहयोगका लागी ।

श्री हरि शर्मा - सीपीएका रुपमा कार्यरत वहाँले ब्यक्तिगत बेरोजगारी विमा तथा साना ब्यवसायीहरुको हितका लागी संचालन गरिएका कार्यक्रमहरुमा उत्कृष्ट योगदान गरे वापत ।

श्री कुलमणी आचार्य - बाना ट्रष्टीका अध्यक्ष समेत रहनु भएका वहाँले साना ब्यवसायीको समस्या समाधानमा अग्रपंतिमा रही उत्कृष्ट सहयोगका लागी ।

श्री भिम बिक - ब्यक्तिगत बेरोजगारी विमाका बारेमा समुदाय सगँ प्रत्यक्ष सम्पर्कमा रहि समुदायलाइ उत्कृष्ट सहयोग गर्नुका साथै बानाको सरकारी निकायहरु सगँ समन्वय र सहकार्यका लागी महत्वपुर्ण भुमिका

तथा राष्ट्रीय जनगणना २०२० को बाल्टीमोर सीटीको वेभसाइडमा बानाको लोगो राख्ने जस्ता महत्वपुर्ण कार्यबा लागी ।

डा. कृष्ण ढकाल - राष्ट्रीय जनगणना २०२० को बाल्टीमोर सीटीको वेभसाइडमा बानाको भिडीयो राख्ने अनि अनलाइन कक्षाहरुको संचालनमा आएका समस्याहरुको समाधानका लागी जनचाहना अनुरुप जानकारी प्रदान गर्न महत्वपुर्ण भुमिका निर्वाह । साथै एफ १ भिषामा रहेका विधार्थिहरुका लागी महत्वपुर्ण भुमिका का लागी ।

श्री सन्देश कुमार खड्का - बाना द्वारा संचालीत कार्यक्रमहरुको अधिकतम प्रचार प्रसार गरि समुदाय सम्म सुचनाहरुको पहुचँ पुर्याउन गर्नु भएको महत्वपुर्ण सहयोगका लागी ।

श्री उद्धव घिमिरे - अमेरिका स्थित नेपाली राजदुताबासमा कार्यरत वहाँले बाना र अमेरिका स्थित नेपाली राजदुताबास बिचको समन्वय र सहकार्यमा उत्कृष्ट सहयोगी र समन्वयकारी भुमिका लागी ।

श्री दमन बिक्रम शाह - बाल्टीमोरमा रहेका संघसंस्थाहरु मध्येबाट सुदुरपश्चिम समाजको नेतृत्वमा रहि उत्कृष्ट कार्य संपादन गरि बानाको हरेक कार्यक्रमहरुमा स्वस्फुर्त रुपमा प्रत्यक्ष संलग्न भै महत्वपुर्ण नेतृत्वदायी भुमिका निर्वाहका लागी ।

श्री प्रभु थापा - संकटको घडीमा नेपाली समुदायलाइ सहयोग गर्नुका साथै बानालाइ आवश्यक सरसल्लाह तथा सहयोग गर्नु भएकोमा प्रवासी नेपाली मञ्च अमेरिकालाइ ।

श्री कुल बहादुर गुरुङ्ग - समुदायको हितमा गरिएका हरेक कार्यक्रममा आर्थिक तथा भौतिक रुपमा गर्नु भएको सहयोगका लागी कास्की समाज बाल्टीमोर लाइ ।

श्री इन्द्र थापा - समुदायको हितमा गरिएका हरेक कार्यक्रममा आर्थिक तथा भौतिक रुपमा गर्नु भएको सहयोगका लागी म्याग्दी समाज बाल्टीमोर लाइ ।

श्री धन बहादुर गुरुङ्ग - समुदायको हितमा गरिएका हरेक कार्यक्रममा आर्थिक तथा भौतिक रुपमा गर्नु भएको सहयोगका लागी पर्वत समाज बाल्टीमोर लाइ ।